# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १९६ | काठमाडौं | शनिबार, २५ कात्तिक २०८० | Prabhab National Daily | Saturday, November 11, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# झिलीमिली पर्व तिहार

कागले खबर लिएर आउँछ भन्ने हाम्रो सामाजिक जीवनमा विश्वास छ । आफन्त वा परिवारका सदस्य घरदेखि टाढा भएको अवस्थामा नजिक आएर काग कराए केही पो भयो कि भन्ने गरिन्छ ।



**तुलसी दिवस**
संस्कृतिविद्

- यमपञ्चकअन्तर्गत आज पहिलो दिन काग तिहार, कागको पूजा गरिँदै
- यमपञ्चकको दोस्रो दिन यसपटक कुकुर तिहार र लक्ष्मी पूजा
- यमपञ्चकको गाई पूजा, चौथो दिन गोबर्द्धन पूजा र पाँचौं दिन भाइटीका

■ **जेबी योञ्जन**

**काठमाडौं–** हिन्दू धर्मावलम्बीहरूको दोस्रो ठूलो चाड यमपञ्चक अर्थात् तिहार आजदेखि विधिवत रूपमा सुरु भएको छ । कात्तिक कृष्ण त्रयोदशीदेखि कात्तिक शुक्ल द्वितीयासम्म पाँच दिन मनाइने तिहारअन्तर्गत आज काग तिहार मनाइँदै छ ।

कागलाई यमराजको दूत मानिन्छ । लोकको खबर कागकै माध्यमबाट यमराजले थाहा पाउने भन्ने विश्वास गरिन्छ । त्यही भएर कागलाई यमदूतका रूपमा मान्ने शास्त्रीय विधान छ । कागलाई आजको दिन मीठोमीठो खानेकुरा दिएर खुसी पारेको अवस्थामा यमराजसमक्ष राम्रो खबर लगिदिने विश्वास रहेको संस्कृतिविद् तुलसी दिवस बताउँछन् । उनले अझैसम्म कागलाई समाजमा सन्देशवाहक पक्षी मान्ने गरेको पनि बताए ।

'कागले खबर लिएर आउँछ भन्ने हाम्रो सामाजिक जीवनमा विश्वास छ । आफन्त वा परिवारका सदस्य घरदेखि टाढा भएको अवस्थामा नजिक आएर काग कराए केही पो भयो कि भन्ने गरिन्छ,' दिवसले प्रभावसँग भने । कागलाई हिन्दू धर्मविधानअनुसार आजको दिन मीठो खानेकुराको रूपमा दही भात खुवाउने गरिन्छ । त्यसका लागि काग बोलाउन स-साना दुना, बोहतामा दालभात, रोटी आदि खाद्यान्न र दुबो, धूप, अबिर, केसरी, अक्षता, दुनामा बलेको बत्ती आदि सामग्री नाङ्लामा राखेर कागलाई तीन पटक सम्बोधन गरेर बोलाइन्छ ।

आजकै दिन काठमाडौंको कागेश्वरी-मनोहरा नगरपालिका-१ स्थित कागेश्वरी महादेव मन्दिर, हनुमानढोकास्थित कागेश्वरी मन्दिरलगायतका मठमन्दिरमा कागको विशेष पूजा आराधना गरिन्छ । कागलाई भूकम्पको धक्का आउन लागेको सन्देश दिने पक्षी पनि भनिन्छ ।

धार्मिक रूपमा यति महत्त्वपूर्ण मानिने कागपछि कुकुर तिहार मनाइने गरिन्छ । कुकुरलाई मानिसको तुलनामा स्मरण शक्ति भएको, गुप्तचरीको कामसमेत गर्ने, अपराधी पत्ता लगाउन सक्ने इमानदार जनावर र भैरवको बहानका रूपमा लिइन्छ । आफूले खाइपाइ आएको घरमा हरतवरले सुरक्षा दिने, निगरानी गर्न सक्ने, विशेषतः रातमा नसुत्ने र प्राकृतिक तथा दैवी प्रकोप हुन लाग्दा अग्रिम सूचना तथा संकेत दिने प्राणीको रूपमा कुकुरलाई लिइन्छ । त्यही भएर कुकुरलाई टीका तथा माला लगाइदिएर मीठा-मीठा खानेकुरा खान दिई पूजा गरिन्छ ।

कुकुरको पूजा नगरी खाना खाएमा पापी भइन्छ भन्ने मान्यता छ । परापूर्वकालदेखि कुकुरलाई वर्षमा एकपटक इमान्दार पहरेदार जन्तुका रूपमा पूजा गर्ने चलन छ । सत्यवादी धर्मराज युधिष्ठिरलाई स्वर्गयात्रामासमेत साथ दिने सौभाग्य पाएको कुकुरको मानव जातिसँग घनिष्ठ सम्बन्ध रहेको पुराणमा उल्लेख छ ।

(बाँकी पष्ठ २ मा)

## मंगलबार म्हः पूजा

नेवार समुदायले मनाउने आत्म (म्ह) पूजा यसपालि कात्तिक २८ गते मंगलबार परेको छ । कार्तिक शुक्ल प्रतिपदाका दिन गाई, गोरु, गोवर्द्धन र आत्म (म्ह) पूजा गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचनअनुसार नेपाल संवत् ११४४ पनि यसै दिनदेखि सुरु हुन्छ ।

म्हः पूजा आफूले आफैंलाई पूजा गर्ने पर्व हो । यो नेवार जातिको मौलिक पर्व पनि हो । हरेक वर्ष नेपाल संवत् सुरु हुने दिन नेवार समुदायका मानिसहरूले म्हः पूजा गर्दछन् । आफू नै सबैभन्दा ठूलो चिज हो, त्यसैले आफ्नो सम्मान गर भन्ने हेतुले म्हः पूजा गरिने संस्कृतिविद्हरू बताउँछन् । नेवाः संस्कृतिविद् डा. टिना मानन्धर आफूलाई पूज्ने परम्परालाई कृष्णको कथासँग जोडेर व्याख्या गर्छिन् । उनका अनुसार म्हः पूजा आफ्नो क्षमता, परिश्रम र मेहनतको पूजा हो । 'भगवान खोज्न अन्त कतै जानुपर्दैन आफू नै भगवान हो भन्ने सन्देश हो म्हः पूजा,' उनले भनिन् ।

## 'बहुमूल्य सामान बोकेर भीडभाडमा नजानू'

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका प्रहरी कार्यालयले बहुमूल्य सामान बोकेर भीडभाडमा जाने गल्ती नगर्न अनुरोध गरेको छ । उपत्यका प्रहरीले यसरी जाँदा चोरीको सम्भावना अधिक हुने भएकाले विशेष ख्याल गर्न पनि सुझाएको हो ।

तिहारलगायत चाडपर्वको समयका लागि ११ बुँदे अनुरोध सार्वजनिक गर्दै प्रहरीले आफ्नो सुरक्षामा पहिले आफैं सचेत हुनसके धेरै घटनाबाट जोगिन सकिने जनाएको छ । तिहार, नेपाल सम्वत् तथा छठ पर्वको अवसरमा शान्ति र सुरक्षालाई मजबुद बनाउन उक्त कार्यालयले सर्वसाधारमा जारी गरेको अपिलमा लंगुरबुर्जा, जुवा र तासलगायत हारजित हुने खेल खेल्ने वा खेलाउने कार्य नगर्न र नगराउन भनेको छ ।

कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक दिनेशराज मैनालीले मुख्यगरी पटाका पटकाउनेजस्ता गतिविधि, हत्या-हिंसा, चोरी, तस्करी तथा हारजित हुने गरी खेलिने खेललाई विशेष निगरानीका लागि प्रहरी टोली परिचालन गरिएको जानकारी दिए ।

साथै, चाडपर्वको समय भएकाले यातायात क्षेत्रमा हुने अवाञ्छित गतिविधिलाई पनि ट्राफिकमार्फत निगरानी बढाएको जनाइएको छ । सार्वजनिक गरिएको अनुरोधमा पटाका, आतिसबाजीजस्ता विष्फोटक पदार्थको कारोबार गर्ने कार्य नगर्न, मादकपदार्थ सेवन (मापसे) र लागुपदार्थ सेवन (लापसे) गरी सवारीसाधन नचलाउन, यात्राको क्रममा अपरिचित व्यक्तिले दिएको खानेकुरा नखान पनि भनिएको छ ।

(बाँकी पष्ठ २ मा)

## वालिहाङ तङ्नामको रौनक

**काठमाडौं (प्रस)–** तिहारकै बीच आदिवासी लिम्बू समुदायले भने हर्षोल्लासपूर्वक वालिहाङ तङ्नाम मनाइरहेका छन् । देशको पूर्वी क्षेत्रमा बसोबास गर्दै आएका लिम्बू समुदायले याक्थुङ (लिम्बू) पात्रोअनुसार वालिहाङ तङ्नाम मनाउने गरेका छन् ।

किरात मुन्धुमअनुसार त्रिकालदर्शी राजा वालिहाङको मृत्यु भए पनि प्रजाहरूले तागेरा निङ्वाभुमाङ (इष्टदेवी) सँग कठोर प्रार्थना गर्दा वालिहाङले पुनः जीवन पाएपछि उनकै दरबारमा प्रजाहरूले हर्षबढाइँ गरेको कथनका आधारमा वालिहाङ तङ्नाम मनाउन थालिएको प्रसंग छ ।

किरात मुन्धुमको व्याख्याहरूका अनुसार परापूर्वकालमा तत्कालीन लिम्बुवान क्षेत्रमा वालिहाङ नाम गरेका प्रतापी, ज्ञानी, शक्तिशाली, लोकप्रिय र त्रिकालदर्शी राजा थिए । उनले आफ्नो मृत्यु समयबारे थाहा दिएपछि प्रजाहरूले कात्तिक महिनाको औंशीको साँझ सरसफाइसँगै दीवापली गरेर तागेरा निङवाभुमाङसँग कठोर प्रार्थना गर्दा वालिहाङले पुनः जीवन पाएको पौराणिक कथन रहेको लिम्बू संस्कृतिका जानकार अमर तुम्याहाङले बताए ।

उनका अनुसार तागेरा निङ्वाभुमाङको कृपाले पुनः जीवन पाएको भन्दै वालिहाङले सिपाही र जवानलाई प्रजाहरूको घरघरमा पुगेर बिहान नाम्लिंगे र राति लारिंगे भन्दै बाँचेको सन्देश दिन पठाएको मुन्धुममा उल्लेख छ । यसरी वालिहाङ तङ्नाम मनाउन थालिएको मुन्धुमका व्याख्याताहरू बताउँछन् । कात्तिक महिनाको औंशीदेखि दुतीया तिथिसम्म चार दिन, वलिहाङ तङनाम मनाइन्छ ।

## फाल्गुनन्द जयन्ती मनाइँदै

किराँत धर्मावलम्बीका महागुरु फाल्गुनन्दको १३९औं जन्मजयन्ती आज विविध कार्यक्रम आयोजना गरी मनाइँदै छ । वि.सं. १९४२ कात्तिक २५ गते इलाममा सामान्य परिवारमा फाल्गुनन्दको जन्म भएको थियो । किराँत, भाषा, लिपि, संस्कार, संस्कृति एवं समाज सुधारमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । समाज सुधारका लागि फाल्गुनन्दले नीति निर्माणसमेत गरेका थिए । जसलाई सत्य धर्म मुचुल्का भनिन्छ । यो १९८८ साल वैशाख २४ गते जारी गरिएको थियो ।

किराँत समाज सुधारका लागि नीतिसमेत निर्माण गरी योगदान गरेका फाल्गुनन्दको निधन वि.सं. २००५ मा भएको हो । किराँत समाज सुधारमा उनले पुऱ्याएको योगदानको कदर गर्दै उनलाई २०६६ मंसिर १६ गते सरकारले राष्ट्रिय विभूति घोषणा गरेको थियो ।

उनको योगदानको कदर गर्दै किराँती समुदायको बसोवास रहेको पूर्वी पहाडी जिल्लाहरू ताप्लेजुङ, तेह्रथुम, पाँचथर, इलाम, झापालगायतमा फाल्गुनन्द जयन्ती मनाउने गरिन्छ । राजधानीमा पनि विभिन्न कार्यक्रम गरी किराँत समुदायले महागुरु फाल्गुनन्द जयन्ती मनाउने गरेको किराँत ज्योतिष संघका संस्थापक अध्यक्ष चन्द्रकुमार शेर्माले जानकारी दिए ।

सन्दर्भ : वैदेशिक रोजगार

# तीन महिनामा ३० प्रतिशतले बढ्यो रेमिट्यान्स

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षको तीन महिनामा मुलुक भित्रिने रेमिट्यान्स (विप्रेषण) उल्लेख्य बढेको पाइएको छ । नेपाल राष्ट्र बैंकले शुक्रबार सार्वजनिक गरेको गत असोज मसान्तसम्मको मुलुकको आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार रेमिट्यान्स ३० प्रतिशतले बढेको पाइएको हो ।

समीक्षा अवधिमा तीन खर्ब ६५ अर्ब ३४ करोड रूपैयाँ रेमिट्यान्स भित्रिएको प्रतिवेदनमा उल्लेख छ । चाडबाडका कारण पनि रेमिट्यान्स बढेको हुनसक्ने अनुमान गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १६.८ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा अमेरिकी डलरतर्फ विप्रेषण आप्रवाह २५.९ प्रतिशतले वृद्धि भई दुई अर्ब ७६ करोड पुगेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.९ प्रतिशतले बढेको थियो ।




गत असोज मसान्तसम्ममा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक जान एक लाख १३ हजार ३९७ नेपालीले अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिएका थिए । यस्तै सो अवधिमा पुनः श्रम स्वीकृति लिनेको संख्या ४९ हजार २९७ रहेको वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

रेमिट्यान्समा सुधार आएसँगै मुलुकको विदेशी विनिमय सञ्चितिसमेत बढेको छ । गत असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड रूपैयाँ बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति ६.७ प्रतिशतले बढेर गत असोज मसान्तसम्ममा १६ खर्ब ४३ अर्ब नौ करोड रूपैयाँ पुगेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ । चालु आर्थिक वर्षको तीन महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १२.४ महिनाको वस्तु आयात र १०.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने राष्ट्र बैंकले जनाएको छ ।

रेमिट्यान्समा लगातार सुधार आउँदा समस्यामा रहेको अर्थतन्त्र उकास्न ठूलो मद्दत पुग्ने अर्थविद्हरूको भनाइ छ । मुलुकको अर्थतन्त्रमा रेमिट्यान्सको योगदान करिब २५ प्रतिशत रहेको छ । जसकारण व्यापार घाटा उच्च हुँदा पनि मुलुकको विदेशी विनिमय सञ्चिति बढाउन रेमिट्यान्सले भूमिका खेल्दै आएको छ ।

# राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान गठन आदेश स्वीकृत

**काठमाडौं (प्रस)-** सरकारले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने भएको छ । राष्ट्रिय तथा अन्तर र्राष्ट्रिय श्रमबजारको माग र आवश्यकताअनुसार जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ प्रतिष्ठान गर्न लागिएको हो । बिहीबारको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश २०८० स्वीकृत गरेको छ । यससँगै प्रतिष्ठान गठन हुने निश्चित भएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जानकारी दिएको छ ।

'कात्तिक २३ गते बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रमबजारको माग तथा आवश्यकताअनुरूप दक्ष, प्रतिस्पर्धी, सीपयुक्त तथा उद्यमशील जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न प्रशिक्षण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न, गराउनका लागि राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान विकास समिति (गठन) आदेश २०८० स्वीकृत गर्ने निर्णय गरेको छ,' शुक्रबार श्रम मन्त्रालयका सहसचिव एवं प्रवक्ता डण्डुराज घिमिरेले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । उक्त प्रतिष्ठानमा एक अधिकार सम्पन्न सञ्चालक समिति रहने मन्त्रालयले जनाएको छ । प्रतिष्ठानको प्रशासकीय प्रमुखको रूपमा एक जना कार्यकारी निर्देशक रहने व्यवस्था छ ।

'प्रतिष्ठानले श्रमबजारको मागबमोजिमको प्रशिक्षणको विषय पहिचान र छनोट गर्ने, प्रशिक्षणको पाठ्यक्रम तथा मापदण्ड स्वीकृत गरी लागू गर्ने, प्रतिष्ठानले सञ्चालन गरेको प्रशिक्षण कार्यक्रमको सीप परीक्षण, स्तरीकरण तथा प्रमाणीकरण गर्ने गराउने, बाह्य तालिम प्रदायक संस्थाहरूको दर्ता, आद्धता, सूचीकरण, अनुगमन निर्देशन र आवश्यक समन्वय तथा नीतिगत व्यावस्था गर्ने, प्रतिष्ठानबाट सञ्चालन हुने प्रशिक्षणलाई अन्तर्राष्ट्रिय संघसंस्थाबाट मान्यता दिलाउन आवश्यक व्यवस्था मिलाउने, स्वदेशी रोजगारदाता कम्पनी, गन्तव्य मुलुक, तालिम प्रदायक अन्य संस्थासँग समन्वय गरी प्रशिक्षणको आवश्यक व्यवस्था मिलाउनेसम्मको अधिकार प्राप्त गरेको छ,' विज्ञप्तिमा उल्लेख छ ।

प्रतिष्ठानबाट आगामी दिनमा छ महिना अवधिसम्मको व्यावसायिक र सीपमूलक तालिम सञ्चालन गरिने जनाइएको छ । यस प्रयोजनका लागि पाठ्यक्रम तयार गर्ने, सीपमूलक तालिम सञ्चालन गर्ने, सीपको परीक्षण गर्ने र प्रमाणपत्र जारी गर्ने कार्यसमेत प्रतिष्ठानबाट गरिने प्रावधान राखिएको छ । मन्त्रिपरिषद्बाट स्वीकृत गठन आदेश राजपत्रमा प्रकाशित गरी लागू गरिने मन्त्रालयले जनाएको छ ।




# ‘काञ्जी हाउस’ सञ्चालनमा



**काठमाडौं (प्रस)–** सार्वजनिक स्थानका छाडा चौपाया व्यवस्थापन गर्ने मुख्य उद्देश्यले काठमाडौं महानगरपालिकाले बिहीबारदेखि काञ्जी हाउस सञ्चालनमा ल्याएको छ ।

काठमाडौंका मुख्य सडक, नदी किनारा, उद्यान, चउर, चोक, मठमन्दिरजस्ता सार्वजनिक ठाउँमा छाडा चौपाया भेटिने जनाउँदै कामपाले यस्ता बेवारिसे चौपायाको व्यवस्थापन गर्ने दायित्व पूरा गर्न काम सुरुआत गरेको जनाएको छ । कामपाको कृषि तथा पशुपन्छी विभागका प्रमुख डा. अवधेश झाका अनुसार स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २६ मा यससम्बन्धी व्यवस्था छ ।

उनले भने, ‘काञ्जी हाउसमा लगिएका चौपायालाई खुवाउन १० मेट्रिक टन साइलेज खरिद गरेर ल्याइसकेका छौं । हेरचाह गर्नका लागि दुई स्थानीयवासीलाई दैनिक ज्यालादारीमा लिएका छौं ।’ दक्षिणकाली नगरपालिकाको वडा नं ७ सँगको सहकार्यमा पानी, बिजुलीलगायतको प्रबन्ध गरिसकेको छ ।उनले भने, ‘सडकमा छाडिएका चौपायाले खान पाएका छैनन् । तिर्खा लागेका बेला पानी पाउँदैनन् । बिरामी पर्दा उपचार पाउँदैनन् र छाडा चौपायाकै कारण सवारी दुर्घटनासमेत हुने भएकाले तीनलाई व्यवस्थापन गर्न सुरु गरिएको हो ।’

काञ्जी हाउस सञ्चालन गर्न २०७८ फागुन ३ गते काठमाडौं महानगरपालिका र दक्षिणकाली नगरपालिकाबीच सम्झौता भएको हो । काञ्जी हाउसमा दैनिक पशु व्यवस्थापन, हेरचाह तथा सरसफाइका लागि कामपाले कर्मचारी खटाउने छ । थप पूर्वाधार निर्माण तथा मर्मतसम्भार, मृत जनावरको व्यवस्थापनलगायत काम कामपाले नै गर्नेछ । पशु सेवालाई दैनिक सञ्चालन गर्न खाद्यान्न, औषधि, उपकरणको प्रबन्ध पनि कामपाको जिम्मामा छ । यस ठाउँमा १२६ रोपनी जमिन छ । सार्वजनिक चौपाया व्यवस्थापनसँगै सडक दुर्घटना कम हुने कामपाले विश्वास लिएको छ ।

छाडा चौपाया व्यवस्थापनमध्येकै चौपाया लिलामी एउटा विधि थियो । सडकका चौपाया जम्मा गरेर आर्थिक वर्ष २०५७/५८ एक वर्षमा १६० गाईबाच्छा कामपाले लिलामी गरिएको थियो । आर्थिक वर्ष २०७०/७१ मा ३८८ चौपाया लिलामी गरियो । त्यस समयमा टेकु ट्रान्सफर स्टेसन नजिक काञ्जी हाउस सञ्चालन गरिएको थियो ।

# तिहारमा मौसम सफा रहने

**काठमाडौं (प्रस)–** हाल देशभर पश्चिमी वायुको प्रभाव कायमै रहेकाले अझै दुई दिन देशका कतिपय स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् सञ्जीव अधिकारीका अनुसार आज कर्णाली र सुदूरपश्चिम प्रदेशका थोरै स्थानमा बदली रही वर्षाको सम्भावना रहेको छ । साथै, देशका उच्च पहाडी तथा हिमाली भू-भागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको उनले बताए ।

मौसमविद् अधिकारीले पश्चिमी वायुको प्रभावले दुई दिन मौसम प्रतिकूल रहे पनि तिहारको समयमा सामान्यतया सफा रहने उल्लेख गरे । उनले भने, ‘पश्चिमी वायुको प्रभावले सुदूरपश्चिम प्रदेशमा शनिबारसम्म हल्का बादल लाग्ने देखिन्छ । त्यसपछि मौसम राम्रै रहने देखिन्छ । अहिले कुनै ठूलो मौसमी प्रणाली भित्रने सम्भावना देखिएको छैन् ।

**तापक्रम घट्दैः चिसो बढ्दै**

पछिल्ला दिनमा क्रमिकरूपमा तापक्रम घट्दै गएकाले आगामी दिनमा चिसो बढ्दै जाने महाशाखाले पूर्वानुमान गरेको छ । ‘तापक्रम क्रमिक रूपमा घट्दै गएको छ । चिसो बढिरहेको छ,’ मौसमविद् अधिकारीले भने । तापक्रम अझै घट्ने सम्भावना रहेकाले चिसोबाट बच्न आवश्यक सतर्कता अपनाउन महाशाखाले अनुरोध गरेको छ । शुक्रबार काठमाडौंको अधिकतम तापक्रम २३ र न्यूनतम तापक्रम नौ डिग्री सेल्सियस रहेको थियो ।

## सडक डिभिजन पोखराको

## बोलपत्र स्वीकृतिको लागि आशयको सूचना

प्रकाशित मिति २०८०/०७/२५

यस कार्यालयको बोलपत्र आह्वानको सूचना नं ०१-०८०/८१ मा उल्लेखित ठेक्का नं को प्रविधिक मूल्यांकनमा सफल भएका बोलपत्रहरु मध्येबाट मिति २०८०/०७/१७ मा खोलिएको आर्थिक प्रस्ताव अनुरुप तपशिलको न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract No. | Description of Works | Name and Address of Successful Bidders | Accepted Bid Amount including VAT & PS NRs |
|---|---|---|---|---|
| 1. | RDPKR/337011 384/080/81-01 | Road Upgradation/ Extension works on Birauta Chowk to Nahar Section of Siddartha Highway and Water Management at Devis Falls Area. | M/S B.S /Subash J.V, Kathmandu | 3,84,95,690.06 |
| 2. | DROPKR/3373 10113/080/81-03 | Asphalt Overlay Works on Pokhara-Bindabasini Sarankot Road | M/S P.L. Construction, Pokhara | 3,35,19,574.69 |

डिभिजन प्रमुख

## झिलीमिलीको पर्व...

पष्ठ १ बाट जारी

कुकुर तिहारकै दिन आइतबार यसपटक लक्ष्मी पूजा परेको छ । ऐश्वर्य, धनधान्य र सम्पन्नताकी देवी लक्ष्मीको पूजाआराधना गरी लक्ष्मीपूजा मनाइन्छ । साँझ लक्ष्मीपूजा गर्नुअघि घर सफासुग्घर र लिपपोत गर्नुपर्ने मान्यता छ । सफा नगरिएको घरमा लक्ष्मीले बास गर्दिनन् भन्ने विश्वासका आधारमा घर सफासुग्घर गर्ने चलन छ । विशेषगरी घरका झ्यालढोका, चोटा, कोठा, सँघार, कौसी, अटाली, भऱ्याङलगायत स्थानमा सरसफाइ गरी दीपावली गरिन्छ । सुखरात्रिको पूजाका लागि उक्त दिन साँझ आँगनदेखि मूलढोका हुँदै लक्ष्मी स्थापना गरी पूजा गर्ने कोठासम्म गाईको गोबर र रातोमाटाले लिपपोत गरेर चामलको पीठो र अबिरले लक्ष्मीको पाइला बनाई उनी आउने बाटो देखाइन्छ । पाइलैपिच्छे केराको सुत्लो अथवा माटाको पालामा दीप प्रज्ज्वलन गरी झिलीमिली बनाइन्छ ।

दीपावली गरिसकेपछि पूजा कोठामा दियो, कलश र गणेशसहित लक्ष्मी स्थापना गरेर गरगहना, पैसा, धान, चामल, फलफूल, सेलरोटी र फूलमाला चढाइ विधिपूर्वक लक्ष्मीको पूजाराधना गरिन्छ । लक्ष्मीपूजापछि कन्या र छोरीचेलीलाई लक्ष्मीको प्रतीक मानी पूजा गरी दक्षिणासमेत दिने प्रचलन छ । घरघरमा लक्ष्मीपूजा गरेपछि धनदौलत वा अन्य सामान घरबाहिर पठाए लक्ष्मी बाहिर जान्छिन् भन्ने धार्मिक विश्वास छ । उक्त दिन साँझ महिलाहरूले समूह बनाई घरघरमा भैलो खेल्ने चलन छ । यो यसपटक यमपञ्चको दोस्रो दिन परेको छ ।

यमपञ्चकको तेस्रो दिन (२७ कात्तिक) भने गाई पूजा गरिँदै छ । गाईको पूजाआजा गरी मीठो खानेकुरा खान दिएर मनाइने चलन छ । गाईलाई पवित्र मानी पूजा गर्ने वैदिक सनातन कालदेखिको विधि पनि हो । गाईले दिने दूध आमाले खुवाएको दूधजत्तिकै पौषिलो हुने भएकाले हिन्दू धर्म परम्पराअनुसार गाईलाई गौमाता भनी सम्मान गरिन्छ । गाईको पूजा गरी मीठामीठा परिकार खान दिएमा गाईबाट पाइने शुद्धता सधैं प्राप्त हुने धार्मिक विश्वास छ ।

यमपञ्चकको चौथो दिन (२८ कात्तिक) गोबर्द्धन पूजा परेको छ । आँगनमा लिपपोत गरी गाईको गोबरको पर्वत बनाई त्यसलाई गोवर्द्धन पर्वत मानेर पूजा गर्ने परम्परा छ । द्वापर युगमा श्रीकृष्णले हत्केलाले गोवर्द्धन पर्वत उचाली गोकुलवासीलाई मुसलधारे वर्षाबाट बचाएको सम्झनामा गोवर्द्धन पर्वतको पूजा गर्ने प्रचलन बसेको हो ।

यमपञ्चकको पाँचौं दिन भाइटीका हो । यसपटक २९ कात्तिक (बुधबार) भाइटीका मनाइँदै छ । नेपाल पञ्चांग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको शुभ साइत बुधबार १०:५१ बजे शुभ रहेको जनाएको छ । भाइटीकाका दिन दिनभर दिदीबहिनीका हातबाट टीका लगाउन शुभ रहे पनि साइत खोज्नेका लागि १०:५१ बजेको साइत दिइएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुंगेलले बताए ।

भाइटीकाको दिन दिदीले भाइलाई र बहिनीले दाजुलाई अनि भाइले दिदीलाई र दाजुले बहिनीलाई विशेष सम्मानका साथ विधिपूर्वक पूजाआजा गर्छन् । दिदीबहिनीले दाजुभाइलाई (मेवा-मिष्ठान) मनपर्ने खानेकुरा दिने दिने गरिन्छ । दाजुभाइले दिदीबहिनीलाई दान-दक्षिणा तथा वस्त्र दिने परम्परा छ ।

हिन्दू पौराणिक कथनअनुसार यमराजकी बहिनी यमुना थिइन् । बहिनी यमुनाले दाजु यमराजलाई विशेष सम्मान गर्दै भाइपूजा गरेको धार्मिक कथन छ । र, यमपञ्चकका पाँच दिनसम्म यमराजले यमुनाको घरमा बास गर्छन् भन्ने धार्मिक विश्वास पनि छ । तिहारका यी पाँच दिन बलि राजाका लागि आफ्नो राज्य छाडेको कथा पनि पाइन्छ ।

उक्त दिन कलश र गणेशको पूजा गर्ने, यमराजको आह्वान गर्ने, बिमिरो, ओखर, तेल, मखमलीको माला, दुबोको टीका, कटुस आदिको प्रयोगमा आफ्ना दिदीबहिनी र दाजुभाइको सुख-समृद्धि, अरोग्य एवं दीर्घायुको कामना गरिन्छ । यसपछि भने देउसी भैलो खेल्ने परम्परा छ ।

## बहुमूल्य सामान...

पष्ठ १ बाट जारी

नगद, बहुमूल्य सामान, गरगहना र महँगा मोबाइल फोनसहित भीडभाडमा सकेसम्म नजान, घर तथा पसल बाहिर जानुपरेमा घरको झ्याल ढोका राम्रोसँग बन्द गरेको छ/छैन यकीन गर्न तथा सकेसम्म साइरन जडित ताल्चा जडान गर्न पनि प्रहरीले अनुरोध गरेको छ । लामो समय घर वा पसल छोडी बाहिर जानुपरेमा छिमेकी तथा स्थानीय प्रहरीलाई खबर गर्न सकेसम्म डिजिटल प्रविधिमार्फत रकमको कारोबार गर्न, आफ्नो मोबाइल बैंकको ओटिपी कोड सुरक्षित राख्न पनि अनुरोध गरिएको छ ।

यस्तै चेकबाट कारोबार गर्नुपर्ने अवस्थामा आफ्नो रकमले खाम्ने अंकको मात्र चेक जारी गर्न तथा सामाजिक सञ्जालमा आफ्नो व्यक्तिगत तथा यात्राको विवरण अद्यावधिक गर्ने कार्य नगर्न पनि अनुरोध गरिएको छ ।

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १९५ कार्तिक २४ गते २०८० मा प्रकाशित **Grace Overseas Pvt. Ltd.** को Lot No. **286817** को **Qatar Services Wll** कम्पनीको विज्ञापनमा **सेवा शुल्कः निःशुल्क** हुनुपर्नेमा अन्यथा भएकाले सच्चाइएको जानकारी गराइन्छ ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## Nepal Foreign Employment Orientation Agency Association (FEONA)

Foreign Employment Pre-departure Orientation Training language and Exam System
(P-DOT language & exam system)

**INVITATION FOR BIDS**

***Date of publication: 2080/07/25 ( 11 November, 2023)***


1. Nepal Foreign Employement Orientation Agencies Associatation invites eletronic bids from elegible software companies for the procurement of the follwing items as under national competitive Bidding procedures specified in public procurement act and regulations.

| S. N. | Contact identifaction No. & work description | Bid security Amount and Validity period (NRS) | Bid Document Fee (Nrs) | Submission Date and Time | Opening date and time | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Gov. authorised licence No. and Software Design for language & Exam System | 50,000/- 15 days | 5,000/- | 2080/08/10 5.00 PM | 2080/08/11 12.00 PM | |

2. The bidder may visit with the bidding documents, demonstration of language and exam system in centeral office Tinkune, Kathmandu within the prementioned dates. And for any futher information and queries bidders can contact ph.no. 01-4111646 or ***feonanepal2068@gmail.com*** within the date.

**Note:** FEONA holds all the authority for the selection of bids.

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

कात्तिक २५ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला । |
| **वृष** | परोपकारमा रुचि बढ्नेछ । |
| **मिथुन** | कूटनीतिक नियोगको सहयोग मिल्ला । |
| **कर्कट** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** | राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ । |
| **कन्या** | एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ |
| **वृश्चिक** | अरुले आलोचना पनि गर्न सक्छन् । |
| **धनु** | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । |
| **मकर** | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |
| **कुम्भ** | धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । |
| **मीन** | स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक २५ गते, २०८०, ११ नोभेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९६ | १३३.५६ |
| युरो | १ को | १४२.०१ | १४२.६६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६२.९८ | १६३.७२ |
| स्विस फ्रैन्क | १ को | १४७.५५ | १४८.२२ |
| अस्ट्रेलियन डलर | १ को | ८५.०१ | ८५.४० |
| क्यानाडियन डलर | १ को | ९६.३७ | ९६.८० |
| सिंगापुर डलर | १ को | ९७.८५ | ९८.३० |
| जापानी येन | १० को | ८.८० | ८.८३ |
| चिनियाँ युआन | १ को | १८.२५ | १८.३३ |
| साउदी अरब रियाल | १ को | ३५.४५ | ३५.६१ |
| कतारी रियाल | १ को | ३६.४७ | ३६.६३ |
| थाई भाट | १ को | ३.७३ | ३.७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२० | ३६.३६ |
| मलेसियन रिङेट | १ को | २८.३३ | २८.४६ |
| दक्षिण कोरियन वन | १०० को | १०.१३ | १०.१८ |
| स्विडिस क्रोनर | १ को | १२.२१ | १२.२७ |
| डेनिस क्रोनर | १ को | १९.०४ | १९.१३ |
| हङकङ डलर | १ को | १७.०३ | १७.११ |
| कुवेती दिनार | १ को | ४३०.३३ | ४३२.२७ |
| बहराइन दिनार | १ को | ३५२.६३ | ३५४.२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# भूकम्पले खोसेको गोरख-शोभाको खुसी

■ शुरबहादुर सिंह

**कर्णाली–** जाजरकोटको बारेकोट गाउँपालिका-४ जिरीका गोरख सिंह र शोभा सिंहलाई राहतभन्दा पनि खाइलाग्दो अवस्थाका दुई छोरीको निधनले आहत बनाएको छ । यही कात्तिक १७ गते शुक्रबार राति ११:४७ बजे बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको ६.४ रेक्टर स्केलको भूकम्पले सिंह दम्पतीका दुई छोरी उपसना र ऊर्जाको ज्यान गयो ।

घटना भएको एक साता बित्न लागेको छ । २१ वर्षीया उपासना र १८ वर्षीया ऊर्जाको निधनले सिंह दम्पतीका आँखा ओभाएका छैनन् । पछिल्लो समय बाँकेको नेपालगञ्ज उपमहानगरपालिका-१ मा बस्दै आएका सिंह दम्पती दुई छोरीसहित दसैं मनाउन गत असोज २८ गतेमात्र बारेकोट गाउँपालिकास्थित जिरीगाउँ उक्लिएका थिए । दसैं मनाएर बाबाआमासँगै बारेकोटबाट दुवै दिदी-बहिनी यही कात्तिक १० गते जाजरकोट सदरमुकाम फर्केका थिए । बुबाआमा मावली सदरमुकाम खलंगास्थित घरमा बस्दा उपासना र ऊर्जा शुक्रबार सानीआमाको घरमा बास बस्न गएका थिए । उनीहरूसँगै सानीआमाकी २५ वर्षीया छोरी मेरिना आरसीको पनि शुक्रबार राति भूकम्पमा परेर ज्यान गयो । मेरिना कुसे गाउँपालिका-९ पैंक निवासी सूष्मा र सनत आरसीका कान्छी छोरी हुन् ।

सिंह दम्पतीकी जेठी छोरी उपसना ललितपुरको सानेपास्थित एभरेष्ट इञ्जिनियरिङ कलेजमा स्नातक तहको पाँचौं सेमेस्टरमा अध्ययनरत थिइन् । उनको सपना थियो उच्च शिक्षा विदेशमा गएर लिने र पुनः नेपाल फर्केर सूचना तथा प्रविधिको पहुँचबाट वञ्चित रहेको दुर्गम कर्णालीका बस्तीमा काम गर्ने । गत कात्तिक १७ गते राति गएको भूकम्पले उनको सपना चकनाचुर बनायो ।



सिंह दम्पतीकी कान्छी छोरी ऊर्जाले नेपालगञ्जस्थित स्टी थोमस इंगलिस माध्यमिक विद्यालयबाट विज्ञान विषयमा कक्षा १२ उत्तीर्ण गरेकी थिइन् । उनी चिकित्सा शिक्षा अध्ययनका लागि अस्ट्रेलिया जाने तयारीमा थिइन् । उनको सपना थियो चिकित्सक बनेर समाजसेवा गर्ने । त्यसका लागि अस्ट्रेलियाको सबै तयारी गरिँदै थियो । यही डिसेम्बरको अन्तिम साता अस्ट्रेलिया उड्ने ऊर्जाको सपना पनि भूकम्पले खरानी बनायो ।

ऊर्जाले यसअघि चिकित्सक बन्न निजी मेडिकल कलेजमा नाम निकाले पनि बुबाआमालाई आर्थिक भारमा पार्न खोजिनन् । महँगो डाक्टरी शुल्क तिरेर बुबाआमाले आफूलाई पढाउन सक्ने अवस्था छैन भन्ने कुरा ऊर्जाले राम्रोसँग बुझेकी थिइन् । घरायसी अवस्थालाई राम्रोसँग बुझेकी उनले आफ्नै बलबुतामा अस्ट्रेलियाको चिकित्सा क्षेत्रको उच्च शिक्षा हासिल गर्ने लक्ष्य राखेकी थिइन् ।

सिंह दम्पती आइटी इञ्जिनियर बन्ने उपासना र डाक्टर बन्ने ऊर्जाको इच्छा पूरा गर्न जस्तोसुकै जोखिम मोल्न चाहन्थे । त्यसका लागि उनीहरूको उच्च शिक्षा र त्यसमा लाग्ने आर्थिक जोहो गरिरहेका उनीहरू तिहारलगत्तै ऊर्जालाई बाहिर पठाउने ध्याउन्नमा थिए । 'सबैथोक भूकम्पसँगै बिलायो, कल्पना नगरेको बज्रपात सहनुपरिरहेको छ,' आँसु झार्दै सिंह दम्पतीले पीडा पोखे ।

शोकमा डुबेको परिवारलाई समवेदना प्रकट गर्न आउने र दिवंगत आत्माप्रति श्रद्धाञ्जली व्यक्त गर्ने आफन्त शुभेच्छुकलाई घरको ढोका अगाडि राखिएका उपासना र ऊर्जाको तस्वीरले धरधरी रुवाउँछ । 'घरको कुनाबाट छोरीहरूले बाबा भनेको आवाज मेरो कानमा गुञ्जिरहन्छ,' बुबा गोरखले भने ।

सिंह पत्नी शोभा शाह भन्छिन्, 'काख रित्तिएको छ । घरमा उपासना गर्ने ऊर्जा समाप्त भएको छ । राति निद्राबाट ब्युँझदा अगाडि छोरी उभिएको देख्छु तर स्पर्श गर्न पाउँदिन । अनि डाँको छाडेर रुनेबाहेक अरु केही उपाय भेट्दिनँ । यस्तो पीडा कसैले भोग्नु नपरोस् ।'

कठिन दुःख गरेर उच्च शिक्षा पढाउने र छोरीहरू राष्ट्रको अब्बल जनशक्ति बनेर सेवा गरेको खुसी देख्न चाहना थियो सिंह दम्पतीको । भूकम्पले उनीहरूको आशा र खुसी सदाका लागि खोसेको छ । उपासनाको राति एक्लै पढ्ने बानी थियो । उनी थोरै पढेर धेरै बुझ्ने तेज दिमागकी थिइन् । ऊर्जा अत्यन्तै मेहनती र इमान्दार थिइन् । बुबाआमाको आर्थिक तथा घरायसी समस्यालाई नजिकबाट बुझ्ने समझदार बानीका कारण एमबिबिएस अध्ययनका लागि छात्रवृत्तिमा नाम निकालेकी उनले आफ्नो पढाइलाई एक वर्षपछि धकेलेकी थिइन् ।

यता पोखरा विश्वविद्यालयबाट छात्रवृत्तिमा परी मेरिनाले कलेज अफ इञ्जिनियरिङ एण्ड म्यानेजमेन्ट नेपालगञ्जबाट सिभिल इञ्जिनियर पूरा गरेकी थिइन् । देशको अब्बल इञ्जिनियर बन्ने उनको सपना ध्वस्त मात्र भएन, आमाबुवाको आशाको दीयो पनि निभ्यो । भूकम्पका कारण आफन्त गुमाएका सयौं परिवारको पीडा बुझेर सिंह र आरसी दम्पतीले चित्त बुझाएका छन् । जाजरकोट भूकम्पमा परी जाजरकोट र रुकुमपश्चिममा १५८ जनाको मृत्यु भएको छ । २५० भन्दा बढी व्यक्ति घाइते भएका छन् । *रासस*

# बझाङमा 'अस्थायी भूकम्प मापन केन्द्र'

**काठमाडौं (प्रस)–** पछिल्लो समय नेपालको सुदूरपश्चिम तथा कर्णाली प्रदेशमा भूकम्प जाने क्रम बढेसँगै बझाङ सदरमुकाम चैनपुरमा 'अस्थायी भूकम्प मापन केन्द्र' निर्माण गरिएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरले गत असोज १६ गते बझाङ सदरमुकाम चैनपुर केन्द्रबिन्दु बनाएर ६.३ रेक्टरस्केलको भूकम्प गएपछि अस्थायी भूकम्प मापन केन्द्र निर्माण गरेको हो ।

भूकम्प मापन केन्द्रका भूकम्पविद् डा. मुकुन्द भट्टराईले बझाङमा अस्थायी भूकम्प मापन केन्द्र निर्माण गरिएको जानकारी दिए । नेपालमा वि.सं. २०३७ मा ललितपुरको फूलचोकीडाँडामा पहिलो भूकम्प मापन केन्द्र निर्माण गरिएको थियो । बझाङमा अस्थायी भूकम्प मापन केन्द्र निर्माण भएसँगै नेपालभर ४३ स्टेसनबाट भूकम्प मापन हुँदै आएको छ । वि.सं. २०७२ वैशाख १२ गते गएको गोरखा भूकम्पपछि मापनका लागि विभिन्न देशको सहयोगमा जोखिममा रहेका नेपालका २० स्थानमा 'भूकम्प मापन केन्द्र' निर्माण गरिएका थिए ।

वि.सं. २०७२ पछि नेपाल सरकारले भूकम्पको जोखिमलाई दृष्टिगत गरी चीन सरकारको सहयोगमा १०, जापान सरकारको सहयोगमा आठ र थाइल्याण्डको सहयोगमा दुई स्थानमा 'भूकम्प मापन केन्द्र' निर्माण गरेको छ । हाल नेपालको झापा, उदयपुर, संखुवासभा, सोलुखुम्बु, रसुवा, लमजुङ, मुस्ताङ, डोल्पा, बाजुरा, दार्चुला, सिन्धुली, बारा, चितवन, नवलपरासी, स्याङ्जा, म्याग्दी, कपिलवस्तु, रोल्पा, महोत्तरी, दाङलगायत जिल्लाका विभिन्न स्थानमा केन्द्र निर्माण गरिएका छन् । गोरखा भूकम्पअघि नेपालका २२ केन्द्रले मात्र भूकम्प मापन गर्दै आएका थिए ।

राष्ट्रिय भूकम्प मापन केन्द्रका वरिष्ठ भूकम्पविद् डा. लोकविजय अधिकारीले भूकम्प मापन केन्द्र निर्माण भएसँगै देशभर जाने भूकम्पको तथ्यांक मापन गर्न सहज हुने बताए । 'भूकम्प मापन गर्ने धेरै स्टेसन निर्माण भएसँगै सानाभन्दा साना भूकम्पसमेतको मापन गर्न सहज भएको छ,' उनले भने ।

नेपाल हिमालय हिमशृंलामा रहेको मुलुक भएकाले पनि यस क्षेत्रमा अन्य क्षेत्रको तुलनामा धेरै भूकम्प जाने गरेको केन्द्रले जनाएको छ । हाल राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौर र राष्ट्रिय भूकम्प मापन केन्द्र सुर्खेतले देशरभरको भूकम्पका बारेमा जानकारी दिने गरेको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOH INDUSTRIES(M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०४/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२४ LT. No. 268230 चलानी नं. ६०१८४२३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing | 31 | 0 | 1500 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर २ गते (18th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १४३५/०७४/७५

**KINGFISHER OVERSEAS PVT.LTD**

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FANG & PAI INDUSTRIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०७/२४ LT. No. 294890 चलानी नं. ६०२१००१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | 1500 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर २ गते (18th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MANPOWER AGENCY NEPAL PVT.LTD.**

Govt. License 1618/079/80

Sinamangal-9, Kathmandu, Nepal
Telephone: 014493648, Mobile: 9851068111

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TASTE OF LORD MEAL CATERING COMPANY

पूर्व स्वीकृति मिति २०८०/०६/२२ पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२४ LT. No. 293810 चलानी नं. ६०२०८९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Cleaner | 2 | 0 | 1000 | ३५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNIQUE CLEANING CO. FOR CLEANING & MAINTENANCE ONE PERSON CO

पूर्व स्वीकृति मिति २०८०/०७/२४ LT. No. 294656 चलानी नं. ६०२१००११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Roof Cleaning Worker | 4 | 0 | 1000 | ३५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८० मंसिर २ गते (18th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

## खुल्ला बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०७/२५ गते)

चालु आ.ब. २०८०/०८१ मा यस अस्पतालमा रहेको Central Suction Machine सर्भिसिङ गर्नका लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित सामानहरु राष्ट्रियस्तरको खुल्ला बोलपत्रको माध्यमबाट खरिद गरी सर्भिसिङ गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोल पत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र दर्ता गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | NTrC/G/NCB/09-080/81 | Supply & Delivery of Consumable & Spare parts for Central Suction Machine Full Servicing | ३,००० | १,३५,००० | ३० औं दिन ३:०० बजे भित्र । खरिद इकाई, राष्ट्रिय ट्रमा सेन्टर | ३१ औं दिन १२ बजे भित्र । खरिद इकाई, राष्ट्रिय ट्रमा सेन्टर | ३१ औं दिन १ बजे । राष्ट्रिय ट्रमा सेन्टर |

१. यस अस्पतालमा रहेको Central Suction Machine सर्भिसिङ गर्नका लागि आवश्यक पर्ने मालसामानहरू राष्ट्रिय स्तरको खुल्ला बोलपत्र माध्यमबाट खरिद गरी सर्भिसिङ गर्नुपर्ने भएकोले इच्छुक फर्म/कम्पनीवाट बोलपत्र आह्वान गरिएको छ ।

२. बोलपत्र हार्ड कपीको माध्यमबाट मात्र खरिद तथा दर्ता गराउनु पर्नेछ । बोलपत्रमा भाग लिने बोलपत्रदाताले अनिवार्य रुपमा निम्नानुसारका कागजातहरु पेश गर्नुपर्नेछ ।

**क)** व्यवसाय संचालन गर्न पाउने ईजाजत पत्र **ख)** आयकर दर्ता प्रमाणपत्र **ग)** मुल्य अभिवृद्धि कर प्रमाणपत्र **घ)** आ.व. २०८०/०८१ को लागि नविकरण गरिएको प्रमाणपत्र तथा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र **ङ)** बोलपत्र फाराम दस्तुर बापतको माथि उल्लेखित रकम फाराम दस्तुर (फिर्ता नहुने) राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको राजश्व शिर्षक नं. १४२२९ उल्लेख गरि राजश्व खाता नं. १०००१००२०००१०००० (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरेको बैंक भौचर **च)** कम्तिमा १२० दिन म्याद भएको माथि उल्लेखित रकम बराबरको मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी (बिड बन्ड) वा बोलपत्र जमानत वापत नगदै राख्न चाहने बोलपत्रदाताहरुले राष्ट्रिय ट्रमा सेन्टरको नाममा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखामा रहेको धरौटी खाता नं. १७००१००१०२०३०००० (अस्पतालको कोड नं. ३७०००३५१०) मा जम्मा गरी सो को सक्कलै भौचर संलग्न राखी पेश गर्नुपर्ने छ ।

३. दाखिला भएका बोलपत्रहरु सूचनामा उल्लेखित मिति र समयमा यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्बन्धी कार्यहरु कार्यालय खुलेको दिनबाट क्रमशः सोही समयमा गरिने छ ।

४. बोलपत्रमा भाग लिन चाहने बोलपत्रदाताले कुनै संशोधन गर्न चाहेमा वा बोलपत्र फिर्ता लिन चाहेमा बोलपत्र दर्ता गर्ने अन्तिम समयभन्दा २४ घण्टा अगावै जानकारी गराउनु पर्नेछ ।

५. रित नपुगि तथा तोकिएको समय सिमाभित्र दर्ता हुन नआएका बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

६. यस सूचनामा उल्लेख भएका विषयहरु सूचना बमोजिम र उल्लेख नभएका विषयहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र प्रचलित कानून अनुसार हुनेछ ।

**नोट: यो सूचना तथा यस सूचना सम्बन्धि अन्य जानकारी यस अस्पतालको *Website: www.nationaltraumacenter.gov.np* बाट पनि प्राप्त गर्न सकिने छ । साथै कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१४२२४९२८ मा सम्पर्क गरी विस्तृत रुपमा बुझ्न र लिन सकिने छ ।**

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

# कुमाल जातिको सीप जोगाउने पर्व

▶▶ अजयकुमार साह/धनुषा



दसैं पर्व जेनतेन टारेका कुमाल समुदाय अब तिहार र छठ पर्वको खर्च जोहो गर्न जुटेका छन् । हिन्दूहरूको दोस्रो महान् चाड तथा उज्यालोको पर्व तिहार घरआँगनमा प्रवेश गर्न केही दिनमात्र बाँकी रहँदा माटाका भाँडा बनाउने कुमाल जातिलाई यतिबेला भ्याइनभ्याइ छ ।

अघिपछिको समयमा फुर्सदिला बनेका उनीहरू दीपावली, तिहारजस्ता चाडपर्वहरू आएपछि व्यस्त हुने गरेका छन् । चाडपर्वको विधि र प्रयोगको अभ्यासले दसैंभन्दा तिहार र छठमा माटाका भाडाको माग बढ्ने भएकाले दसैं सकेलगत्तै कुमालहरू माटाका भाँडा बनाउन दिनरात नभनी जुटेका छन् । चाडपर्वका बेला बढी खपत हुने माटोको भाँडा माग अनुसारको पूरा गर्न यतिबेला कुमाले निकै व्यस्त देखिन्छन् ।

दीपावली (तिहार) र छठ पर्वमा कलश, दियो, घडा (गाग्रो) र छ्याँची (दही जमाउने भाडा), तौला (माटोको डेक्ची) र ढकना (बिर्को) सहित नयाँ माटाका भाडा प्रयोग गरिने मैथिल परम्पराअनुसार धनुषासहित तराईका जिल्लाहरूका गाउँ, नगर, बस्तीमा माटाको माग बढ्ने गरेको छ । यसै बेलालाई आफ्नो कमाईको मुख्य अवसर ठानेका कुमाले अहिले भाँडा बनाउन व्यस्त भएका हुन् ।

'अन्य चाडपर्वमा त हाम्रो सीपको खासै माग हुँदैन, खोजमेल गरेर नै दसैं टारियो,' क्षीरेश्वरनाथ नगरपालिका-८ इच्छापुरका कुमाले टोलका सुरेन्द्र पण्डित कुमालले भने, 'दीपावली र छठमा भने अनिवार्य विधिमै माटाका भाँडाको प्रयोजन जोडिएकाले हाम्रो माग बढ्छ ।' दसैंपछिको तिहार र छठअघिको समय नै आफूहरूको वर्षभरिको नगद खर्चको जोहो गर्ने उपयुक्त समय हुने सुरेन्द्रको थप भनाइ छ ।

अन्य बेला खासै प्रयोगमा आउन छाडेका माटाका भाँडा पर्व विशेषमा मिथिला परम्परामा अनिवार्यजस्तै मानिँदै आइएकाले जिल्लाका सबैजसो बजारमा यसको माग बढेको देखिन्छ । कुमाल जातिले परम्परादेखि माटोको भाँडा बनाउँदै आए पनि अहिलेका युवा पुस्ताले परम्परागत पेसालाई नअपनाएपछि बजारको मागअनुसार धान्न गाह्रो भएको उनीहरू बताउँछन् ।

> दीपावली र छठ पर्वमा बालिने बत्ती माटोकै दियोमा बालिने, छठ पर्वमा सूर्यदेवलाई चढाइने दही माटोकै छ्याँचीमा जमाउनुपर्ने, लक्ष्मी पूजा र छठ आराधनाका बेला माटोकै कलश स्थापना गरिने र अन्य पूजा सामग्री पनि माटोका नयाँ भाडामा राखिनुपर्ने परम्परागत मान्यताले यी पर्व विशेषमा माटाका भाँडाको कारोबार बढ्ने गरेको छ ।

दीपावली र छठ पर्वमा बालिने बत्ती माटोकै दियोमा बालिने, छठ पर्वमा सूर्यदेवलाई चढाइने दही माटोकै छ्याँचीमा जमाउनुपर्ने, लक्ष्मी पूजा र छठ आराधनाका बेला माटोकै कलश स्थापना गरिने र अन्य पूजा सामग्री पनि माटोका नयाँ भाडामा राखिनुपर्ने परम्परागत मान्यताले यी पर्व विशेषमा माटाका भाँडाको कारोबार बढ्ने गरेको छ ।

माटोको दियो तथा अन्य माटोको भाँडा बनाउन धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-हरैयामा बसोबास गर्ने कुमालेहरू यतिबेला व्यस्त भएको देखिन्छ । उनीहरूले बनाएका माटाका भाँडाहरू सखुवा बजार, महेन्द्रनगर, ढल्केवर, जनकपुरधामदेखि महोत्तरीको बर्दिवाससम्म बिक्री वितरण हुने गरेको छ ।

दीपावली र छठ मिथिला क्षेत्रको साझा पर्वजस्तै भएकाले धनुषाका सबैजसो गाउँ, नगरबस्तीका हटियामा माटाका भाँडाका छुट्टै बजार लाग्ने गरेको छ । साप्ताहिक हाट बजारबाहेक नगरगाउँ बस्तीका चोकचोकमै कुमालेले माटाका भाँडाको बजार लगाउन सुरु गरिसकेका क्षीरेश्वरनाथ उद्योग वाणिज्य संघका अध्यक्ष सुरेश यादव बताउँछन् । उनले मिथिला क्षेत्रमा माटाका नयाँ भाँडा शुभकार्य गर्न उत्तम हुने सामाजिक, सांस्कृतिक र धार्मिक मान्यताले दीपावली र छठ पर्वमा यसको माग बढ्ने गरेको बताए ।

विष्णु पण्डित कुमालेको अनुसार आफूले माटाका भाँडा बनाउन थालेको ४५ वर्ष जति भयो । हजुरबुबाहरूबाट आफूले यो सीप सिकेर माटाका भाँडा बनाउँदै बिक्री विवतरण गरिरहेको उनले बताए । उनले एक दिनमा ५०० जति माटोको दियो बनाउने गरेको बताए । चिने जानेकाले घरमा आएर खरिद गर्ने गरेको उनले बताए । बढी जसो होलसेल पसलमा माटाका भाँडा बिक्री गर्ने गरेका पण्डितले बताए । अहिले आफूसँग भए जतिको माटाका दियोहरू सबै बिक्री वितरण गरिसकेको उनले बताए । उनले भाँडा बिक्रीबाट आर्जित आम्दानीबाटै तिहार, छठ मनाइने, दसैं मनाइएको सरसापट तिर्ने र वर्षभरिका अन्य नगद खर्चको जोहो गरिने अहिले आफूहरूको उपयुक्त अवसर भएको बताउँछन् ।

यसपालि दसैं सकिएलगत्तै जमेको माटाका भाँडाको बजार छठसम्म रहने भएकाले र मूल्य वृद्धिसमेत भएकाले यो छठ पर्वसम्म करिब १५ लाख रूपैयाँभन्दा बढीको कारोबार हुने जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ बताउँछन् । कुमालेहरूको मुख्य पेसा माटाका भाँडा बनाउने रहे पनि थोरै आम्दानी हुने भन्दै नयाँ युवा पुस्ताले परम्परागत पेसालाई अवमूल्यन गरेका कारण चाडपर्वको बेला बढेको माग पूरा गर्न हम्मेहम्मे परेको क्षीरेश्वरनाथ नगरपालिका-६ सखुवाबजारका ५५ वर्षीय लक्ष्मण पण्डित कुमालेले बताए । सरकारले माटोको भाँडा बनाउने व्यवसायको बजार प्रवर्द्धनमा सहयोग गरेमा नयाँ पुस्ताको आकर्षण बढ्ने र परम्परा पनि कायम रहने उनको आशय छ ।

झिलीमिली बत्ती बालेर धुमधामका साथ मनाइने तिहारमा अन्य समयको भन्दा बढी माटाको दियो धुपोउरोलगायत सामग्रीको माग हुने गरेको कारण यो समयमा कुमाले माटाका सामग्री बनाउन व्यस्त बनेका छन् । सखुवाबजार नयाँटोल बस्ने ६० वर्षीय जयनारायण पण्डितले माटोको भाँडाकुँडा बनाउँदा अरू बेलामा भनेजस्तो आम्दानी नहुने हुँदा जीविकोपार्जनमै समस्या हुने गरेको बताए । पुर्खाले अँगाल्दै आएको पेसालाई आफूहरूले छोड्न नसकिएको उनको भनाइ छ । भनेजस्तो आम्दानी नभए पनि सामान्य रूपमा घर खर्च चलिरहेको छ ।

केही वर्ष आगाडिसम्म माटाका भाँडा बनाउने पेसा अँगाल्दै आएका कुमालेहरू बढ्दो आल्मोनियम र प्लास्टिकका भाँडाहरूसँग माटाको भाँडाले प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । प्लास्टिकका सामानहरू सस्तोमा पाउने तथा आफूहरूले प्रयोग गर्ने माटो, दाउरा र रङरोगनका सामग्रीको मूल्य बढेका कारण पेसालाई निरन्तरता दिन कठिनाइ भएको बटेश्वर गाउँपालिका-५ शान्तिपुरका दशरथप्रसाद पण्डितले बताए । आफूहरूले ३६ किसिमका माटाका भाँडाहरू बनाउने गरेको उनको भनाइ छ । अहिले माटोलगायत बनाइएको सामग्रीहरू आगोमा पकाउनका लागि आवश्यक सबै सामग्रीहरू खरिद गर्नुपर्ने हुँदा लागत अनुसारको आम्दानी नहुने भएकाले युवा पुस्ताले परम्परागत पेशाप्रति उदासीनता देखाएको दशरथ पण्डितको भनाइ छ । अहिलेसम्म पुर्ख्यौली पेसालाई आफूहरूले जसोतसो धाने पनि नयाँ पुस्ताले देखाएको उदासीनताका कारण भविष्यमा माटोको भाँडाको विकल्पमा अन्य भाँडाले ठाउँ लिनेमा यो समुदाय चिन्तित देखिन्छ ।

यमपञ्चकमा लक्ष्मीपूजाको दिन घरमा दीपावली गर्नका लागि माटोको पालामा दीप राखेर प्रज्वलित गर्ने चलन रहेको पनि पछिल्लो समय माटोको पालामा दीप र तेलबाट जलाउने दीपभन्दा पनि बिजुलीबाट जल्ने झिलीमिली बत्तीको प्रचलन बढ्दो छ । 'केही वर्षअघिसम्म पाला नै धेरै प्रयोग गरिन्थ्यो,' आफ्नो बुबासँगै लामो समयदेखि पाला बनाउन सिकेका महेन्द्रनगरका ४५ वर्षीय रामदेव पण्डितले भने, 'अहिले चीनले प्लास्टिकका र बत्तीबाट जल्ने दियोको आकृतिका सामग्री बनाइदिएपछि पाला बिक्री हुन अलि समस्या पर्न गएको छ ।' केही वर्ष पहिलासम्म तिहारमा मात्र एक लाख पाला बेच्ने गरेको अनुभव रामदेवले सुनाए । *रासस*

# जाजरकोट दरबारको अस्तित्व भूकम्पले मेटिँदै





**९० वर्षअघि १९९० माघ २ गते नेपाल र भारत केन्द्रबिन्दु भएर गएको आठ म्याग्निच्युडको भूकम्पले जाजरकोट दरबार पूर्णरूपमा भत्किएको थियो । उक्त भुइँचालोबाट आठ हजार ५०० भन्दा बढी नागरिकको ज्यान गएको थियो । जाजरकोटमा भएको मानवीय क्षतिको भने तथ्यांक छैन ।**

▶▶ हेमन्त केसी/जाजरकोट

वि.सं. १९९० माघ २ गते गएको भूकम्पबाट क्षति व्यहोरेको जाजरकोट दरबारले फेरि गत शुक्रबारको भूकम्पमा परी क्षति व्यहोरेको छ । हाल जिल्ला प्रशासन कार्यालय रहेको यो दरबार वि.सं. १८५२ मा निर्माण गरिएको थियो । 'सेतो दरबार' भनेर चिनिने जाजरकोट दरबारले भूकम्प सहेको यो तेस्रोपटक हो । यसपटक दरबार चर्किएको मात्र छ ।

यसअघिका दुईवटा भुइँचालोले दरबारलाई क्षतिग्रस्त बनाएका थिए । दुवैपटक दरबार पुनर्निर्माण गरिएको थियो । केही वर्षअघि नेपाल सरकारले सूचीकृत गरेको देशका १०० पर्यटकीय गन्तव्यभित्र सेतो दरबार अर्थात् जाजरकोट दरबार पनि परेको छ । पर्यटकीय गन्तव्यका रूपमा रहेको जिल्लाको इतिहासमा भूकम्पले फेरि जोखिम निम्त्याएपछि यसको संरक्षणमा चुनौती थपिएको प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले बताए ।

'दुईपटक भत्किसकेको दरबारमा अहिले पनि उस्तै जोखिम निम्तिएको छ, जिल्लाको इतिहासलाई जोगाउन यसलाई जोगाउनैपर्ने हुन्छ,' उनी भन्छन्, 'जाजरकोट राज्य हुँदा जनताको श्रमबाट पुनर्निर्माण गरिएको थियो, अब यसरी समयमै पुनर्निर्माण गर्न पनि सहज छैन ।'

यसभन्दा ९० वर्षअघि १९९० माघ २ गते नेपाल र भारत केन्द्रबिन्दु भएर गएको आठ म्याग्निच्युडको भूकम्पले जाजरकोट दरबार पूर्णरूपमा भत्किएको थियो । उक्त भुइँचालोबाट आठ हजार ५०० भन्दा बढी नागरिकको ज्यान गएको थियो । जाजरकोटमा भएको मानवीय क्षतिको भने तथ्यांक छैन । नब्बे वर्षअघिको उक्त भुइँचालोलाई दरबारमा क्षति पुऱ्याउने शक्तिशाली विपद्का रूपमा जाजरकोटवासीले लिन्छन् ।

सेतो दरबार भनिने जाजरकोट दरबार १९९० को भूकम्प जानुभन्दा अघि १८५२ सालमा निर्माण गरिएको हो । तत्कालीन जाजरकोटी राजा इन्द्रनारायण शाहको पालामा खलंगा क्षेत्रको सबभन्दा अग्लो भाग छनोट गरेर यो दरबार निर्माण गरिएको थियो । त्यसअघि सोही क्षेत्रमा रातो दरबार थियो । जसलाई १८२५ सालमा राजा हरि शाहले बनाएका थिए । यो दरबार पनि अहिले सरकारी निकायको कार्यालयका रूपमा छ । यसअघि जिल्ला विकास समिति र कृषि विकास बैंकका कामकाज हुने रातो दरबारमा संघीयतापछि जिल्ला समन्वय समितिको कार्यालय छ ।

रातो दरबार बनेको २७ वर्षपछि राजा इन्द्रनारायणले राज्य सञ्चालनका लागि थप भौतिक संरचनाको आवश्यकता ठानेर अर्को दरबार बनाएको जाजरकोट दरबार इतिहासका जानकार राजेन्द्रविक्रम शाहले बताए । यो दरबार सुरुमा बनाउँदा पनि जाजरकोटी राजाको आदेशमा जनश्रमदान गरिएको थियो । यसका लागि राजाले जनताले श्रमदान गर्ने निश्चित दिन तोकिदिएका थिए । राजा इन्द्रनारायणका पालामा यो दरबार कति तलाको थियो भन्ने यकिन जानकारी भने छैन ।

'कसैले सात तलाको भन्छन्, धेरैजसोले पाँच तलाको मात्र हो भनेर दाबी गरेका छन्,' शाहले भने, 'जे होस् अहिलेकोभन्दा अग्लो थियो, भूकम्पको क्षतिपछि पुनर्निर्माण गर्दा भने तीन तलामा झारिएको हो ।' यो दरबारको पुनर्निर्माण गर्दा भक्तपुरबाट नेवार समुदायका इञ्जिनियर बोलाइएको थियो । 'यसमा प्रयोग भएका झ्यालको कला र स्वरूप हेर्दा सुरुकै स्वरूपमा निर्माण भएको देखिन्छ, तर अहिले यसका धेरै मौलिक स्वरूप अस्तित्वमा छैनन्,' उनले भने, 'सरकारले रेखदेखको राम्रो व्यवस्था गर्न नसक्दा यो हराएको हो ।'

जाजरकोट दरबारले दोस्रोपटक भूकम्पीय क्षति भोगेको २०४५ सालमा हो । उदयपुर केन्द्रबिन्दु रहेको उक्त वर्षको ६.९ रेक्टर स्केलको भूकम्पले दरबारको पश्चिम भाग (जसलाई पश्चिम नाल भनिन्थ्यो) मा क्षति पुगेको थियो । यसलाई २०५१ सालमा पुनर्निर्माण गरिएको हो । त्यो भूकम्पले दरबारमा क्षति पुगे पनि मानवीय क्षति भने जाजरकोटमा नभएको शाहले बताए ।

तीनपटक भूकम्पीय क्षति भोगेको जाजरकोट दरबारबाट इन्द्रनारायणपछिका सात जना राजाले शासन गरेका थिए । यो दरबारबाट शासन चलाउने अन्तिम राजा प्रकाशविक्रम शाह थिए । इन्द्रनारायणभन्दा अघिका जाजरकोटी राजा हरि शाहदेखि गजेन्द्रनारायण शाहसम्मले रातो दरबारबाट शासन चलाएका थिए । जाजरकोटको राज्य सञ्चालन हुने सेतो दरबार र रातो दरबारमार्फत २०१७ सालदेखि नै सरकारी कामकाज हुँदै आएका थिए । प्रकाशविक्रमदेखि पछिका राजा २०१७ देखि नै ती दरबारमा बस्न छोडेका थिए । २०१७ सालमै जाजरकोटी राजा प्रकाशविक्रम शाहले नेपाल सरकारलाई ६० हजार रूपैयाँमा जाजरकोट दरबार बेचेका थिए । त्यसपछि यो सरकारी सम्पत्तिका रूपमा परिणत भएको शाह बताउँछन् ।

'यो दरबार ऐतिहासिक र पुरातात्त्विक हिसाबले निकै महत्त्वपूर्ण छ, यो जाजरकोटको मात्र नभएर सिंगो कर्णालीको मुख्य पर्यटकीय गन्तव्य पनि हो,' उनले भने, 'यसको मौलिकता, इतिहास र पुरातात्त्विक महत्त्व सुरक्षित हुनेगरी पुरानै स्वरूपमा भूकम्पप्रतिरोधी बनाउनुपर्छ ।' अहिले सञ्चालनमा रहेको जिल्ला प्रशासन कार्यालयलाई आफ्नो भवन बनाएर सार्नुपर्ने उनको भनाइ छ । सरकारी कार्यालय रहँदा यसको इतिहास मेटिँदै जाने तर्क उनको छ । यसपटकको भूकम्पले जाजरकोट दरबारसँगै त्यतिबेलाकै स्वरूपमा बनेका अरू ऐतिहासिक घर पूर्णरूपमा भत्किएका छन् ।

खलंगाको माथिल्लो थाप्लेमा बनेका व्यक्तिको स्वामित्वमा भएका ती दुईवटा घरलाई स्थानीयले दरबार भन्ने गरेका छन् । ती दुई घरमध्ये एउटा जाजरकोटी राजा जंगबहादुर शाहका छोरा समरध्वज, रणध्वज र सुरबहादुर शाहले १९४२ सालमा जाजरकोटी जनताको सहयोगमा बनाएका थिए । अर्को घर जंगबहादुरकै छोरा शक्तिवर्द्धन, अमरबहादुर, नरशमशेर र नरजंग शाहले १९५० सालमा बनाएका हुन् । दरबारकै रूपमा चिनिने यी घर राज्य सञ्चालनका लागि भन्दा पनि जाजरकोटी राजाका भाइ-छोरा बस्नका लागि भनेर दरबारकै स्वरूपमा बनाइएको थियो । राजाका भाइ-छोरा धेरै भएर उनीहरूका आवास व्यवस्थापनका लागि ती घर बनेको शाह बताउँछन् ।

दरबार आसपासमा बनेका पुराना भौतिक संरचना पनि यसपटकको भूकम्पले तहसनहस भएका छन् । ती संरचना पनि मौलिक स्वरूपमा छन् । 'जाजरकोट राज्यमा एकजना मन्त्री राख्ने र राज्यमन्त्रीको रूपमा काम गर्नेलाई काजी भनिन्थ्यो, राज्यमा काम गर्नका लागि तोकिएका मन्त्री अर्थात् काजीको जिम्मेवारी पाएका व्यक्ति र तिनका परिवार जाजरकोट राजाको दरबारको छेउमै बस्ने गरेको पाइन्छ,' उनले भने, 'उनीहरूले घर बनाउँदा पुरानै स्वरूप अपनाएको हुन सक्छन्, त्यतिबेलाका मन्त्री र काजीको विशेष सुविधाको पूर्ति जनताबाटै उठाइएको करबाट व्यवस्था हुन्थ्यो ।' *रासस*

# राहत सामग्री न्यून हुँदा आठबिसकोटमा समस्या

■ सत्य बटाला





**रुकुम पश्चिम–** रुकुम पश्चिमको आठबिसकोट नगरपालिकामा भूकम्पबाट प्रभावितलाई राहत वितरण धमाधम भइरहेको छ । जाजरकोटमा गएको भूकम्पबाट ज्यान गुमाएका र घाइते परिवारलाई विशेष प्राथमिकतामा राखेर राहत सामग्री वितरण सुरु गरिएको हो ।

गत कात्तिक १७ गते गएको भूकम्पमा परी आठबिसकोट नगरपालिकामामात्रै ४२ जनाको मृत्यु भएको थियो । सात हजारभन्दा बढी घर क्षतिग्रस्त भएका परिवारलाई राहत वितरण गर्दा शुक्रबारसम्म तीन हजार ५०० घरलाई राहत पुऱ्याइएको नगरपालिकाले जनाएको छ । पर्याप्त राहत सामग्री नहुँदा राहत वितरणमा समस्या देखिएको नगरपालिकाको भनाइ छ ।

भूकम्पप्रभावित क्षेत्रका साढे तीन हजार घरधुरीमा राहत पुगेको र अधिकांश क्षेत्रमा राहत सामग्री नपुगेको जनाइएको छ । आठबिसकोटका नगरप्रमुख रवि केसीका अनुसार पालिकामा रहेका साढे नौ हजारभन्दा बढी घरधुरीमध्ये सात हजार १४८ घरमा क्षति पुगेको छ । पूर्ण क्षति भएका घरहरूमा राहत वितरण गर्ने कार्य जारी रहेको उनले बताए ।

'पालिकाभित्रका सबै घर बस्न नमिल्ने अवस्थामा छन् । आदिभन्दा बढी घरमा अझै त्रिपाल पुऱ्याउन सकिएको छैन,' नगरप्रमुख रवि केसीले भने । स्थानीय स्रोत साधनसहित पालिकामा आउने राहत अपुग हुँदा सबै पीडितसमक्ष राहत पुऱ्याउन असहज भरहेको उनको भनाइ छ ।

आठबिसकोटमा मृत्यु भएका घरपरिवारलाई पालिकाले प्रति घरपरिवार २५ हजार रूपैयाँका दरले किरिया खर्च उपलब्ध गराएको छ । यस्तै, राहतस्वरूप टेण्ट, चामल, ब्ल्यांकेट, ओछ्याउने म्याट्रिस, नुन तेललगायतका खाद्यान्न सामग्री वितरण गरिसकिएको बताइएको छ । दोस्रो चरणमा भूकम्पबाट घर पूर्ण क्षति भएका पीडित परिवारलाई राहत वितरण भइरहेको नगरपालिकाले जनाएको छ ।

### थप एक जनाको मृत्यु

जाजरकोट भूकम्पमा परेर घाइते भएका थप एक जनाको उपचारका क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा रुकुम पश्चिमको चौरजहारी नगरपालिका-१ का ३२ वर्षीय निरक विष्ट छन् ।

उनको उपचारका क्रममा कर्णाली प्रदेश अस्पतालमा शुक्रबार बिहान मृत्यु भएको प्रदेश अस्पतालका डा. केएन पौडेलले जानकारी दिए । यससँगै जाजरकोट भूकम्पमा परी मृत्यु हुनेको संख्या १५४ पुगेको छ । जसमध्ये रुकुम पश्चिमका ५३ र जाजरकोटका १०१ जना हुन् ।

हाल कर्णाली प्रदेश अस्पतालमा २६ घाइतेको उपचार भइरहेको अस्पताल प्रशासनले जनाएको छ ।

## मुगु सामूहिक हत्या प्रकरण : दुई जना पक्राउ

**मुगु–** मुगु छायाँनाथ रारा नगरपालिका-६ मुन्दुगाउँमा एकै परिवारका चार जनाको हत्यामा संलग्न आरोपमा प्रहरीले दुई जनालाई बिहीबार पक्राउ गरेको छ । उनीहरूलाई शुक्रबार दिउँसो पत्रकार सम्मेलन गरेर जिल्ला प्रहरी कार्यालयले सार्वजनिक गरेको छ । पक्राउ पर्नेमा एक जना मृतकका मामाको छोरा तथा अर्का छिमेकी गाउँको रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए ।

यही कात्तिक ८ गते छायाँनाथ रारा नगरपालिका-६ मुन्दुगाउँकी २८ वर्षीया श्रीदेवी बोहोरा, उनका छोरा ११ वर्षीय मनोज, आठ महिनाका छोरा रहर र आठ वर्षीया छोरी अप्सराको सामूहिकरूपमा हत्या गरिएको थियो । हत्यारा पत्ता लगाउन कर्णाली प्रदेश प्रहरी, मुगु प्रहरी, केन्द्रीय अनुसन्धान ब्युरोलगायत टोली खटिएको थियो । *रासस*


**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**स्तर निर्धारण तथा सम्बन्धन महाशाखा**
सानोठिमी, भक्तपुरको

**शिक्षण संस्था ठाउँसारी भएको सम्बन्धमा जरूरी सूचना !**

प्रकाशित मिति २०८०/०७/२५

यस परिषद्‌बाट प्रि-डिप्लोमा तहको सिभिल सव ओभरसियर (Civil Sub Overseer) र वाली विज्ञान (PJTA) कार्यक्रमको सम्बन्धन/स्वीकृती लिएको शिक्षण संस्था श्री शिखर टेक्निकल कलेज अमरगढी-५, तुफान डाडाँ, डडेलधुराले साविक स्थानबाट धनगढी उ.म.न.पा. वडा न.- ०५, हसनपुर, धनगढी, कैलालीमा ठाउँसारी गरी कार्यक्रम सञ्चालन गर्न माग गरेको सम्बन्धमा परिषद् कार्यालयको मिति २०८०/०७/२२ गतेको निर्णयानुसार सहमति दिइएको व्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कका लागि**
**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
**सानोठिमी भक्तपुर । फोन नं. ०१-६६३०४०८**


## राहत वितरण प्रभावकारी बनाउन आयोगको आग्रह

**काठमाडौं (प्रस)–** राष्ट्रिय मानवअधिकार आयोगले भूकम्पबाट घरबास गुमाएका पीडितका लागि खाद्यान्नको व्यवस्था, चिसो मौसमबाट सुरक्षित व्यवस्था गर्दै राहत वितरणलाई प्रभावकारी बनाउन आग्रह गरेको छ ।

'आवास र न्यानो कपडाको पर्याप्त व्यवस्था गर्न, विपद्‌पश्चात् सामूहिक बसाइँको अवस्थामा पानी, शौचालयको व्यवस्था गर्नुपर्छ,' आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, 'सरसफाइलगायतका अभावका कारण हुनसक्ने विभिन्न किसिमका सरुवा रोग र महामारीको जोखिमबाट सुरक्षित राख्न आवश्यक पहल हुन, राहत छरितो र समयमै वितरणका लागि तीनै तहका सरकारबीच प्रभावकारी समन्वयका लागि आयोग आग्रह गर्दछ ।'

आयोगले प्रभावितहरू सामूहिकरूपमा बसिरहेकाले शौचालय व्यवस्थापन र सरसफाइमा समस्या देखिएको जसका कारण सरुवा रोग वा अन्य महामारीलगायतका प्रकोप बढ्नसक्ने जोखिम रहेको अनुगमनबाट पाइएको आयोगले जनाएको छ ।

राहत वितरणमा जिल्लास्थित संघीय सरकारअन्तर्गतका कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, प्रदेश सरकार र स्थानीय तहहरूबीचको समन्वयमा अभाव देखिएको अनुगमनका क्रममा पाइएको आयोगको भनाइ छ ।

यही कात्तिक १७ गते राति जाजरकोटको बारेकोट गाउँपालिकास्थित रामीडाँडा केन्द्रबिन्दु भई गएको भूकम्पका कारण कर्णाली प्रदेशको जाजरकोट, रुकुम पश्चिम, सल्यान, दैलेख र जुम्लालगायतका जिल्लामा भएको मानवीय तथा भौतिक क्षतिको अवस्थाबारे आयोगका सदस्य मिहिर ठाकुर र लिली थापा नेतृत्वको टोलीले अनुगमन गरेको छ । उद्धार र राहतमा तीनै तहका सरकार, राजनीतिक दल, अधिकारकर्मी, नागरिक समाजलगायत सबै पक्षबाट भइरहेको क्रियाशीलता एवं घाइतेको निःशुल्क र प्रभावकारी उपचारको व्यवस्था गरिएकोजस्ता पक्षलाई आयोगले सकारात्मक रूपमा लिएको छ ।

रुकुम पश्चिमको आठबिसकोट नगरपालिका-१४ स्थित छेपारे गाउँमा राहतस्वरूप वितरण गरिएका त्रिपालबाट शीत चुहिने गरेको र तल ओछ्याइएका मेट्रेस पातलो भई तलबाट चिसो आउने भएका कारण सुत्केरी महिला, बालबालिका र ज्येष्ठ नागरिक बढी प्रभावित भएको पाइएको आयोगले जनाएको छ ।

चिसो बढ्दै गइरहेको अवस्थामा न्यानो कपडाको अपर्याप्तता र त्रिपालको बसाइँका कारण सुत्केरी, बालबालिका, बिरामी र ज्येष्ठ नागरिकमा समस्या देखिएको, भूकम्प प्रभावित क्षेत्रका अधिकांश विद्यालय भवन क्षतिग्रस्त हुँदा विद्यालय बन्द भएको आयोगको विज्ञप्तिमा उल्लेख छ ।

भूकम्पमा परेका महिला र बालबालिकामा डर र त्रासको अवस्था रहेको, शौचालयको अभावका कारण महिनावारी भएका महिला र बालिकाले थप समस्या भोग्नु परिरहेकोलगायतका तथ्य अनुगमनबाट पाइएको आयोगले जनाएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TADWEER TRAD. CONT. & SERVICES WLL.

पूर्व स्वीकृति मिति: २०८०/०७/२४ | LT. No.294785 | चलानी नं. ६०२१०००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | business executive | 1 | 0 | 2500 | ९०,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | supervisor | 1 | 0 | 2500 | ९०,७२० | | | | | | | |
| 3 | representative | 1 | 0 | 2200 | ७९,८३५ | | | | | | | |
| 4 | electrician gen | 2 | 0 | 1100 | ३९,९१५ | | | | | | | |
| 5 | carpenter | 4 | 0 | 1100 | ३९,९१५ | | | | | | | |
| 6 | building worker | 2 | 0 | 1000 | ३६,२९० | | | | | | | |
| 7 | labour | 5 | 0 | 1000 | ३६,२९० | | | | | | | |
| 8 | receptionist | 0 | 1 | 1100 | ३९,९१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २ गते (18th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११०८/०७३/०७४

**Emerald Isle Nepal Pvt. Ltd.** (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAHMOUD FACTORY FOR WOODER DOOR

पूर्व स्वीकृति मिति २०७९/०३/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२४ | LT No.265252 | चलानी नं. ६०१८११५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Labours | 3 | 0 | 120 | ५१,८६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Furniture Carpenter | 3 | 0 | 120 | ५१,८६० | | | | | | | |
| 3 | CNC Operator | 4 | 0 | 150 | ६४,८२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २ गते (18th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## Malaysia/Croatia मा वैदेशिक रोजगारको अवसर

कम्पनी : dch contract manufacturing sdn. bhd.

पूर्व स्वीकृति मिति २०७९/१२/३० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२५ | LT No: 284557 | चलानी नं ६०१९६८५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 50 | 0 | 1500 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर ६ गते (22th Oct. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५०० कामदार आफैले **सेवा शुल्क**: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३८५/०५९/०६०

**B.M. Overseas Pvt. Ltd.**
Bijuli Bazar, New Baneshwor, KTM, Tel: +977-1- 4780292
E-mail: info@bmoverseas.com Website : www.bmoverseas.com



## Free Visa Free Ticket युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EFS FACILITIES MANAGEMENT SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२४ | LT. No. 290527 | चलानी नं. ६०२०७८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 0 | 479 | 800 | २९,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर ४ र ५ गते (20/21 Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) कामदारले कुनै पनि सेवाशूल्क बुझाउनु नपर्ने र यस मेनपावरको सेवा शूल्क रोजगारदाताले दिने । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. २०३/०५७/०५८

**Kalinchwok Manpower Pvt.Ltd.`**
Kathmandu-4, Dhumbharahi, Nepal, Phone No.: 9818565246
Tel No.+977-1- 4419397, 4445106, 4536246 Fax:+977-1- 4419361



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : VERSATILE PROTECTION SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०७/२४ | LT. No. 294953 | चलानी नं. ६०२१००१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 25 | 0 | 1500 | ४२,४५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २ गते (18th Nov. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**KOPERASI INTERNATIONAL PVT.LTD.** श्रम ईजाजत नं. १२८७/७४/७५
Tokha 9, Gongabu, Kathmandu, Nepal. Tel: +977-15912411
Email: info@koperasiintl.com, koperasiinternational2017@gmail.com, Web: www.koperasiintl.com



## शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर
## ZERO COST REMPLOYMENT TO MALAYSIA

कम्पनी : कम्प्युटाईम (मलेसिया) एस. डिएन. बिएचडि — शहर : प्राई, पेनाङ्ग
COMPANY: COMPUTIME (MALAYSIA) SDN BHD — City : PRAI, Penang

| | | | |
|---|---|---|---|
| Pre Approval Date : 2023-09-25 | PostApproval Date : 2023-11-10 | चलानी नं. ६०२०८२५३ | एल टि न. २९२७३३ |
| पूर्व स्वीकृति मिति : २०८०/०६/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०७/२४ | Invoice No. 60208253 | LT. No.292733 |

| सि.नं | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 29 | 29 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1500 | ४२,५०० | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant to not use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौं । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Passport expenses राहदानी शुल्क | Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने विमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|---|
| ५०००/- रोजगारदाता (Employer) 5000/- | ९८९०/- रोजगारदाता (Employer) 9890/- | ७०६४/- रोजगारदाता (Employer) 7064/- | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/- रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | ७००/- रोजगारदाता (Employer) 700/- | १५००/- रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर १८ गते (4th Dec. 2023) मा हुनेछ ।**

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
यो शुन्य लागत अर्न्तगत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यर्होने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यर्होनुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा , जमिन पशु चौपाय लिइने छैन ।
- QR vaccination certificate required.
QR खोप प्रमाण पत्र आवश्यक छ ।

**नोट: विदेश नगएका नयाँ व्यक्तिहरुलाई विशेष प्राथमिकता दिईनेछ । पहिला आउने पहिलो प्राथमिकता अन्तर्गत प्रारम्भिक छनोट गरी फर्म वितरण गरिनेछ । आवेदन दिन आउँदा SLC वा +2 उतिर्ण गरेको मार्कसिट सहित उपस्थित हुनु पर्नेछ ।**

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9802074015 or email us at help.chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८०२०७४०१५ वा chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

1610/079/80
**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

# प्रभाव दैनिक





## राज सिग्देलको 'नशा' सार्वजनिक

गजल गायक राज सिग्देलले 'नशा' बोलको नयाँ गजल दर्शक/स्रोतामाझ ल्याएका छन् । हालै युट्युबमा रिलिज गरिएको यो गजलको म्युजिक भिडिओमा केकी अधिकारी र आर्यन सिग्देलको रोमान्टिक केमेस्ट्री देख्न सकिन्छ । गीतकार मिलन लिम्बु 'गोठालो जेठा' ले लेखेका शब्दहरूमा राजले संगीत र स्वर दिएका हुन् । गीतको म्युजिक भिडियोमा पनि राजलाई देख्न सकिन्छ । उनी गायक राज सिग्देलकै भूमिकामा छन् भने केकी उनकी पत्नी बनेकी छन् । एउटा विवाह पार्टीमा आर्यन सिग्देलले केकीलाई नजर लगाउँछन् र उनीसँगको मिठा कल्पनामा डुब्छन् । भिडिओको निर्देशन अनुप चापागाईंले गरेका हुन् ।




शनिबार, २५ कार्तिक २०८० (Saturday, November 11, 2023)


# पृथ्वीया बनिन् मिसेस् नेपाल

■ प्रभाव संवाददाता



**काठमाडौं–** विवाहित महिलाहरूबिचको सौन्दर्य प्रतियोगिताको उपाधि पृथ्वीया थापाले चुमेकी छन् । रिबन इन्टरटेनमेन्टको आयोजनामा असम र युथ वेदको सह प्रायोजक रहेको प्रतियोगितामा लेखा परीक्षक रहेकी थापाले मुख्य उपाधिका साथ मस्ट ट्यालेन्टेडको उपउपाधिलाई पनि आफ्नो बनाएकी छन् ।

थापा आगामी जनवरीमा अमेरिकामा हुने मिसेस् वर्ल्डमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछिन् भने एक स्कुटर पनि प्राप्त गर्ने छिन् ।

राजधानीको कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा सम्पन्न प्रतियोगितामा सिर्जना केसी मिसेस् नेपाल इन्टरनेसनल चुनिएकी छन् । एण्ड पिक्चर स्टुडियो मस्ट फोटोजेनिकको उपउपाधि विजेतासमेत भएकी उनले एक टेलिभिजन सेट तथा सिंगापुरमा हुने मिसेस् इन्टरनेशनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछिन् ।

चमक दमकका साथ भव्य मञ्च र प्रकाश व्यवस्थापन तथा साङ्गीतिक वातावरणमा सम्पन्न प्रतियोगितामा सीता सुबेदी एमएस नेपाल इन्टरनेसनलका साथमा रिबन इन्टरटेनमेन्ट म्यानेजमेन्ट च्वाईस अवार्ड विजेता भएकी छन् । उनले एमएस नेपाल इन्टरनेसनल भएवापत एक थान ओभन प्राप्त गर्नेछिन् भने सिंगापुरमा हुने एमएस इन्टरनेशनलमा नेपालको प्रतिनिधित्व गर्ने अवसर प्राप्त गर्नेछिन् । विजेताहरूलाई मिसेस् वर्ल्ड २०२२ सरगम कौशलले ताज पहिराएकी थिइन् ।

नेपालकै प्रथम नायिका भुवन चन्द थापालाई मानार्थ मिसेस् नेपाल वर्ल्ड तथा मुस्कान खातुनलाई विशेष सम्मान गरिएको प्रतियोगितामा आईना गजुरेल फस्ट रनर्सअपका साथमा वेस्ट र्याम्पवाक, निशा विष्ट सेकेन्ड रनर्सअप, सरु आरएल राणा थर्ड रनर्सअपका साथमा फेसन आईकन र आयुष्मा राई पब्लिक च्वाइस अवार्डका साथमा भ्युअर्स च्वाइस भएका थिए ।

कोरियोग्राफर अश्विनीकान्त झाको कोरियोग्राफी, सन्दीप भुजेलको डान्स कोरियोग्राफी तथा सम्राट शाह र गङ्गा महर्जनको संयोजनमा भएको प्रतियोगितामा पुनम श्रेष्ठ रीलायाबल डाईग्नोस्टीक मस्ट डीसिप्लेन, रेखा सिंह रायमाझी नेपाल टुरिजम बोर्ड मिसेस् टुरिजम एम्बेस्डर, मिना भट्टराई नेपाल टेलिकम मल्टी मिडिया च्वाइस अवार्ड, ज्ञानेश्वरी श्रेष्ठ फेसबुक च्वाइस अवार्ड, उत्सुकता नकर्मी ए र एस डेन्टल वेस्ट स्माइल, सलोनी श्रेष्ठ वाव वेस्ट हेयर, जेनी खड्का एन प्रोफेसनल ब्युटी विथ कम्प्याक्सन, मंगली सिलवाल फ्लाईटेक इन्टर नेसनल वेस्ट डान्स, कोमल लामा सेटाफिल मस्ट डिसिप्लेन्ड वेस्ट स्कीन, पबिन श्रेष्ठ ओखती मिसेस् कन्जिनियालिटी, रेखा विष्ट आसम वेस्ट पर्सनालिटी र देबी थापा गुरुङ मिसलिन वेस्ट फिजीक उपउपाधि विजेता भएका छन् ।

प्रतियोगितामा सौन्दर्य प्रतियोगिता सङ्घका अध्यक्ष गोपाल सुन्दरलाल कक्षपति, त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलका प्रबन्ध निर्देशक प्रतापबाबु तिवारी, नेपाल प्रहरीकी एआईजीपी डा आशा सिंह, मुटु रोग विशेषज्ञ डा ओम मूर्ति अनिल, अन्नपूर्ण पोस्ट दैनिकका प्रधान सम्पादक अखण्ड भण्डारी र अभिनेत्री सरिता लामिछाने निर्णायक रहेका थिए ।

गत वर्ष मिसेस् नेपाल वर्ल्डमा दीक्षा केसी र मिसेस् नेपाल इन्टरनेसनलमा अभिनेत्री उषा रजक विजयी भएका थिए ।

# मधेसमा पहिलोपटक क्युएफएक्स हल

■ प्रभाव संवाददाता

**पर्सा–** वीरगञ्जवासीलाई एकै स्थलमा किनमेलदेखि मनोरञ्जन, खेलकुदसम्मको सेवा दिनका लागि आदर्शनगरमा मधेश प्रदेशकै पहिलो सुविधा सम्पन्न 'स्काइलाइन' मल सञ्चालनमा आएको छ । वीरगञ्जको नाम चलेका व्यावसायिक घरानाहरूको करिब दुई अर्बको लगानीमा मल सञ्चालनमा ल्याइएको हो ।

मधेश प्रदेशकै पहिलो सो हलमा क्युएफएक्ससँगको सहकार्यमा एक मात्र मल्टिप्लेक्स सिनेमा हल पनि सञ्चालनमा ल्याइएको छ । बिहीबार जसपाका केन्द्रीय सदस्य एवं सांसद प्रदीप यादवले सो मलको उद्घाटन गरेका छन् ।काठमाडौं, पोखरा लगायत देशका अधिकांश ठूलो सहरमा पहिल्यै स्थापित क्युएफएक्सले वीरगञ्जको स्काइलाइन मलमार्फत मधेश प्रदेशमा प्रवेश पाएको छ ।

त्यस्तै मलमा चेन सरोभर पोर्टी पनि सञ्चालनमा आउन लागेको छ । चेन सरोभर भारतमा चार सयभन्दा बढी ठाउँमा स्थापित प्रख्यात होटेल हो । आतिथ्य र स्वादिष्ट खाने परिकारका लागि चर्चित सरोभर पोर्टी होटेलले वीरगञ्ज र आसपासका बासिन्दालाई अन्तर ाष्ट्रिय स्तरको सेवाको मौका दिने मल सञ्चालकको विश्वास छ ।



दश तले मलमा रिटेल स्टोरसहित पार्टी र फन्सन आयोजना गर्न ब्यान्क्वेट हल, भारतीय तथा वैदेशिक पर्यटकलाई आकर्षित गर्न अन्तर्राष्ट्रिय स्तरको क्यासिनो, स्विमिङ पुल, रूफटप रेस्टुराँलगायतको सुविधा रहेको छ । हाल आंशिक रूपमा सञ्चालित सो मल केही समयभित्रै पूर्ण रूपमा खुल्ने बताइएको छ । मलमा रहेको क्यूएफएक्स सिनेमा हल भने बिहीबारदेखि सञ्चालनमा आएको छ । सिनेमा हलमा तीनवटा छुट्टाछुट्टै अडिटोरियम स्क्रिनहरू छन् ।


## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Green City Services W.L.L

पुर्व स्वीकृति मिति २०८०/०७/२४ | LT. No: 294839 | चलानी नं.: ६०२१००३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | cleaner | 50 | 25 | 100 | ३५,३८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Worker | 50 | 25 | 100 | ३५,३८३ | | | | | | | |

Interview Details

| Interview Date | Venue | Contact No. | Contact Person |
|---|---|---|---|
| 16,17th Nov 2023 | Khukuri Hotel Itahari Aaetaare Road, Ithari | +977-9815012589 | |
| 18,19,20th Nov 2023 | Center Point Party Palace, Birtamode<br>Sab International Human Resources Pvt. Ltd. | +977-9704116077<br>+977-9807978331<br>+977-9818935635<br>+977-9852684430/9820684430 | Yubaraj Poudel<br>Bharat Raanshi<br>Kishor Khatiwada<br>Netra Adhikari |
| 21, 22nd Nov 2023 | Janapriya Thakali Bhancha Ghar,Pokhara<br>Tilottama Institute of Training & Trade Test Center Pvt. Ltd., Rupandehi | +977-985684786/9816666247/ 9826693127<br>+977-9802658605 | Prakash Gaire |
| 23, 24th Nov 2023 | Lotus Tours and Travels, Janakpur | +977-9842997372 | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREEN HILL OVERSEAS PVT. LTD.

Greenhill Overseas — श्रम ईजाजत नं. 1536/078/79

Purano Baneshwor-9,Bijay Chowk, Kathmandu, BAGMATI
Phone: 9818727318, 9851014815
Email:greenhilloverseas5@gmail.com



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L. OIL & GAS DIVISION

पूर्व स्वीकृति मिति २०७९/०७/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२५ | LT. No. 274361 | चलानी नं. ६०१९२१४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KW | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners | 0 | 20 | 95 | ४१,२५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | GENERAL LABORS | 40 | 0 | 95 | ४१,२५५ | | | | | | | |
| 3 | Security Guards | 40 | 0 | 125 | ५४,०२० | | | | | | | |

कम्पनी : SAMSUNG C&T CORPORATION, SAUDI ARABIA

पूर्व स्वीकृति मिति २०८०/०५/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०७/२५ | LT. No. 291606 | चलानी नं. ६०२००३४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KW | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bulldozer Operator | 1 | 0 | 2500 | ८८,८१२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Duty Driver | 2 | 0 | 2200 | ७८,१५४ | | | | | | | |
| 3 | Heavy Equipment Driver | 3 | 0 | 2500 | ८८,८१२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २ गते (18th Nov. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००

